# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ माघ २१ गते

### मानव अधिकार तथा लोकतान्त्रिक मूल्य र मान्यताको सम्मान गर्न आग्रह

संविधानमा हस्ताक्षर गरेकालाई मधेसबाट फिर्ता जान आग्रह गर्दै केही दिन देखि देशका विभिन्न जिल्लाहरुमा सांसद तथा नेताहरुको घर एवं सम्पत्ति माथि भएको आगजनी र तोडफोड तथा आन्दोलनमा आन्दोलनरत पक्षका कार्यकर्ता र प्रहरी घाइते भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यान आकृष्ट भएको छ ।

मधेसको माग सम्बोधन गराउन नेपाली काँग्रेस, नेकपा एमाले तथा एमाओबादीका सभासद्हरु बाधक भएको भन्दै मधेसी मोर्चाले विभिन्न पार्टीका नेता तथा कार्यकर्ताहरुलाई धनुषा जिल्ला प्रवेशमा रोक लगाई उनीहरुको घर तथा सम्पत्तिमा तोडफोड तथा आगजनी गर्नु लोकतान्त्रिक मूल्य र मान्यता विपरीत छ र यो कानूनद्वारा दण्डनीय पनि छ ।

ठाउँ-ठाउँमा मोर्चाका कार्यकर्ता र प्रहरीबीच दोहोरो झडप हुँदा केही प्रदर्शनकारी तथा प्रहरीहरु घाइते भएका छन् । घाइतेहरुको विभिन्न अस्पतालहरुमा उपचार भईरहेको छ । घाइतेहरुको नि:शुल्क उपचारको व्यवस्था मिलाउन आयोग सरकारलाई आग्रह गर्दछ । मोर्चाको बिरोधका कारण नेपाली काँग्रेसका सांसदहरु आफ्नो निवासबाट बाहिर निस्कन नसक्ने अवस्थामा रहेको आयोगको अनुगमनबाट पाइएको छ ।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाद्वारा भइरहेको घरमा तोडफोड गर्ने कार्य यथाशीघ्र बन्द गर्न तथा आन्दोलनका क्रममा प्रहरीद्वारा सर्वसाधारणको ज्यान जाने गरी कारबाही नगर्न आयोग आन्दोलनकारी तथा सुरक्षा निकायलाई आग्रह गर्दछ । आन्दोलनका क्रममा झडप हुने स्थिति आउन नदिई संयमता अपनाउन आयोग सरकार र आन्दोलनकारीलाई आग्रह गर्दछ । शान्तिपूर्वक भेला भई आन्दोलन गर्न पाउने अधिकारको रक्षा गर्दै वार्ता र संवादको माध्यमबाटै यथाशीघ्र विद्यमान समस्याको हल निकाल्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता